# साना सिंचाई कार्यक्रम संचालन सम्बन्धि जरुरी सूचना

**(सूचना प्रकाशित मिति २०७७/०४/१३ गते)**

थाहा नगरपालिका कृषि बिकास शाखा इन्द्रायणी चौर मकवानपुरको आ.ब. २०७७/०७८ साना सिंचाई कार्यकम अन्तर्गत १० वटा साना सिंचाइ (कुलो मर्मत, ईलेक्ट्रिक मोटर/जेनेरेटर र पाईप खरिद, स्प्रिङकलर/थोपा सिंचाई) कृषक समूहहरु, कृषि सहकारी संस्थाहरु, जल उपभोक्ता संस्थाहरु मार्फत् संचालन गर्नुपर्ने भएकोले सम्भाव्यता भएका समूहहरु, सहकारी संस्थाहरु तथा जल उपभोक्ता संस्थाहरु लाई तपसिलको शर्तहरुको अधिनमा रहि २०७७ भदौ १७ गते बुधवार दिनको ५.०० बजे भित्र थाहा नगरपालिका नगरकार्यपालिका को कार्यालय कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुरमा आवेदन प्रस्ताव दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

## शर्तहरुः

१.निवेदन फाराम रु १००।- (फिर्ता नहुने गरी) तिरी थाहा नगरपालिका नगरकार्यपालिकाको कार्यालय इन्द्रायणी चौर मकवानपुर भौचर दाखिला गरी प्राप्त गर्न सकिने छ ।

२. निवेदन फाराम माथि उल्लेख भए अनुसारको सामूहिक योजना को लागि मात्र हुनु पर्ने छ । (व्यक्तिगत योजनाको लागि निवेदन दर्ता हुने छैन )

३. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।

क) कृषक समूह/सहकारी संस्था/जल उपभोक्ता संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

ख) सिंचाई योजनाको विस्तृत विवरण (प्रस्तावना) ।

ग) योजना संचालन सम्बन्धि समूह /सहकारी /संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।

घ) सम्पूर्ण उपभोक्ता सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

ङ) वडा कार्यालयको सिफारिस पत्र ।

४. योजना स्वीकृत भएमा उपभोक्ता आफैले निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ । ठेक्कामा संचालन गर्न पाइने छैन । थाहा नगरपालिका नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुर बाट तयार गरिने लगत ईष्टिमेट तथा डिजाइन अनुसार योजना कार्यान्वयन गर्नु पर्नेछ ।

५. छनौट भएको आयोजना सम्पन्न गर्नको लागि थाहा नगरपालिका नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखा को बैठकले निर्णय गरेको रकम भन्दा बढी अनुदान उपलब्ध गराईने छैन ।

६. आयोजनाको कूल लागतको घटिमा १५ प्रतिशत रकम समूह /सहकारी /उपभोक्ता संस्था आफैले व्यहोर्नु पर्नेछ ।

७. आयोजना छनौट भएमा थाहा नगरपालिका नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुर र सम्बन्धित समूह /सहकारी /संस्था बीच हुने सम्झौता अनुसार तोकिएको समयावधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।

८. आयोजना स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार थाहा नगरपालिका नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखा समितिमा रहने छ ।

९ रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

१०. निवेदन फाराम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा थाहा नगरपालिका नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखामा सम्पर्क गर्नु होला ।

---

थाहा नगरपालिका नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखा इन्द्रनयणी चौर, मकवानपुर
मो.न.९८४५०७२२००

संजय तिवा
कृषि विकास अधि

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'
☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६
# थाहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्याः

चलानी नम्बरः

मिति : २०७७/०४/१४

### कृषकहरुको जानकारीका लागि सूचना !

यस थाहा नगरपालिकामा दर्ता भई कृषि सम्बन्धी विभिन्न कार्य गर्ने गरी गठन भई संचाललनमा रहेका कृषक समुहहरु देहायको कागजातहरु संलग्न गरी यथाशिघ्र आन्तरिक राजश्व कार्यालय हेटौंडामा गई अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN) मा आवद्ध दर्ता गर्नुहुन यो सूचना प्रकाशति गरिएको छ । संघ प्रदेश तथा स्थानीय तहबाट विभिन्न किसिमका अनुदानका कार्यक्रमहरु संचालन गर्दा कृषक समूहहरुको समेत स्थायी लेखा नम्बर भएका समूहहरुलाई प्राथमिकतामा राखेर कार्यक्रम संचालन हुने भएकोले समयमै PAN मा दर्ता गर्नुहुन जानकारी गराइन्छ ।

<u>देहायः</u>

१. कृषक समूहको दर्ता प्रमाणपत्र को प्रतिलिपी ।

२. कृषक समुह विधानको प्रतिलिपी ।

३. सम्बन्धीत वडा तथा नगरपालिकाको सिफारिस ।

४. समुहको छाप ।

५. समूह पदाअधिकारीहरुको नागरिकताको प्रतिलिपी ।

६. समूह अध्यक्षको फोटो ।

संजय तिवारी
(कृषि विकास शाखा प्रमुख)

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
पालुङ्ग/भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

## थाहा नगरपालिका कृषि विकास शाखाको सुचिकृत गराउने सम्बन्धी सुचना

(सुचना प्रकाशित मिति २०७७/०४/१३ गते)

थाहा नगरपालिका कृषि विकास शाखाको आ.ब. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि सम्बन्धी सामग्री खरिद गर्नुपर्ने भएकोले अनुमति प्राप्त एग्रोभेट/सप्लायर्सहरु ले आवश्यक कागजातहरु संलग्न राखि यस कृषि विकास शाखामा २०७७ श्रावण महिना भित्र आफ्नो व्यवसाय सुचिकृत गराउनका लागि सुचित गरिन्छ ।

आवश्यक कागजातहरु :-

१. कारोबार अनुमति पत्रको प्रतिलिपि -१ प्रति

२. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि -१ प्रति

३. घरेलु तथा पान/भ्याट प्रमाण पत्रको प्रतिलिपि -१ प्रति

४. नागरिकता प्रमाण पत्रको प्रतिलिपि -१ प्रति

५. निवेदन -१ प्रति

संजय तिवारी
कृषि विकास अधिकृत
थाहा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय

## थाहा नगरपालिका कृषि विकास शाखाको सुचना

(सुचना प्रकाशित मिति २०७७/०४/१३ गते )

थाहा नगरपालिका कृषि विकास शाखाको आ.ब.२०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ३ दिने खुद्रा बिषादी बिक्रेता तालिम संचालन हुने भएकोले इच्छुक व्यक्ति/समुह/सहकारीहरुले तपसिलका कागजातहरु संलग्न राखि यस शाखामा सुचना प्रकाशित भएको ३० दिन भित्र निवेदन दिनका लागि अनुरोध गरिन्छ ।

तपसिल :-

१. निवेदन -१ प्रति

२. नागरिकता प्रमाण पत्रको प्रतिलिपि -१ प्रति

३. समुह वा सहकारीको हकमा निर्णयको प्रतिलिपि -१ प्रति (निर्णयमा व्यक्तिको नाम तोकेर पठाउनु हुन )

४. समुह वा सहकारीको प्रमाण पत्रको प्रतिलिपि -१ प्रति

संजय तिवारी
कृषि विकास अधिकृत
थाहा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय